जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
नवीन
साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक ६ २०८० साल भदौ ११ गते आइतवार (27 Aug 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : चप्पल पड्काउँदै राजनीतिमा ... पृष्ठ ३ मा : सरकारी विद्यालयको पढाइ कमजोर ... पृष्ठ ४ मा : कोशी प्रदेशमा १५ गतेसम्म ... पृष्ठ ५ मा : दुई महिलासहित ...

# डुवान र कटान प्रभावित क्षेत्रमा प्रजिअको टोली स्थलगत निरिक्षणमा





**राजविराज**/लगातार दुई दिनदेखी भइरहेको वर्षाका कारण डुवान र कटानमा परेका क्षेत्रहरुको सप्तरीका प्रमुख जिल्ला अधिकारीको टोलीले शनिबार स्थलगत निरिक्षण गरेको छ ।

जिल्लको सप्तकोशी, खाडो, जिता, त्रियुगा, खडग, बलान, महुली लगायतका नदीमा आएको बाढीले विभिन्न पालिका कटान र डुवानको चपेटामा परेका छन् ।

बाढीले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका र बलान बिहुल गाउँपालिकालाई सर्वाधिक प्रभाव पारेको छ । सप्तकोशीको बाढीले चारैतिरबाट थुनिएर हनुमाननगर कंकालिनी नगरपालिकाको १, २, ३, ५, ७, ११ र १३ का करिब ३ तीन सय परिवारको विचल्ली भएको नगर प्रमुख बिरेन्द्र माझीले जानकारी दिए ।

ती वडाका विपन्न समुदाय बाढीबाट जोगिन घरको खाटमा बसेर कष्टकर जिवन बिताइरहेको उनले बताए । त्यहाका अधिकांश घरमा बाढीको पानी पसेर दुई फिटसम्म जमेको उनले बताए ।

यता बलान नदीमा आएको बाढीले बलान बिहुल गाउँपालिका ४ बेल्हीस्थित दुई वटा तथा वडा नं. २ दिघियास्थित एउटा गरि तीन ठाउँमा झण्डै पाँच/पाँच सय मिटर जति बाँध भत्काएपछि वडा नं. १, २, ३ र ४ का करिब एकसय घर डुवानमा परेको गाउँपालिका अध्यक्ष खेमचन्द यादवले जानकारी दिए ।

बलानस्थित बाँधको पूर्ण रुपमा निर्माण हुन नसक्दा हरेक वर्ष वर्षायामका समयमा बलान बिहुल गाउँपालिका डुवान र कटानको चपेटामा पर्दै आएको उनले बताए । त्यहा पनि पानी पसेका घरमा सर्वसाधारण घरभित्रै खाटमा बसिरहेको गाउँपालिका अध्यक्ष यादवले बताए ।

ती क्षेत्रहरुमा सम्भावित क्षति रोक्न प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रहरी उपरिक्षक नरेन्द्र कार्की, राष्ट्रिय अनुसन्धानका निर्देशक सुरेन्द्र कोइराला, सशस्त्र प्रहरी उपरिक्षक तिर्थराज पौडेल, जलश्रोत सिचाई विकास डिभिजनका प्रमुख रमणकुमार साहलगायतका टोली हनुमाननगर तथा बलान बिहुलको प्रभावित क्षेत्रमा पुगेका छन् ।

बलानमा भत्किएका बाँध मर्मत कार्यमा प्रहरीसँगै स्थानीयवासी, कामदार र गाउँपालिकाका कर्मचारी परिचालन भएको प्रमुख जिल्ला अधिकारी थापाले जानकारी दिए । बाढीले प्रभावित क्षेत्रमा लगातार दुई दिनदेखी टोलीसहित स्थलगत निरिक्षणका लागि निस्केका उनले बाढीबाट जनधनको क्षति हुन नदिन सबै मिलेर काम गर्नु पर्नेमा जोड दिएका छन् ।

निरन्तरको वर्षाले राजविराज नगरपालिकाको समेत विभिन्न वडाका घर घरमा पानी पसेको छ । ढल निकास नहुँदा राजविराज ७ पुलचौकस्थित दुई दर्जन घरमा नालाको फोहर मिसिएको पानी घरमा पसेको स्थानीयवासी सुरेश सिंहले बताए । वडा नं. ७ का वडाअध्यक्ष सुभाषचन्द यादवले ढल निकासका लागि व्यवस्थित गुरु योजना तयार गर्नु लागिएको र भविष्यमा यस्तो समस्या नहुने जनाएका छन् ।

## घुस रकमसहित पक्राउ परेका दुई जनाको विषयमा अनुसन्धानका लागि अध्यक्ष यादव अख्तियारको नियन्त्रणमा



**राजविराज**/गत साउन ३१ गते घुस रकमसहित राजविराजबाट अख्तियारले पक्राउ गरेको दुई जनाको विषयमा सोधपुछका लागि सप्तरीको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ ।

अध्यक्ष यादवलाई घुस सम्बन्धि विषयमा आयोगले सोधपुछ र अनुसन्धानका लागि बुधबार नियन्त्रणमा लिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

आयोगले नियन्त्रणमा लिएपछि अचानक उनी बिरामी परेकाले आयोगको सुरक्षा निगरानीमा काठमाडौंस्थित एक अस्पतालमा उपचारका लागि भर्ना गरिएको तथा निको भएपछि थप बयान र अनुसन्धानको काम अघि बढ्ने प्रवक्ता दाहालले जानकारी दिए ।

गत साउन ३१ गते पालिकाद्वारा जडान गराइएको सोलार बत्ति सम्बन्धी कार्यमा ठेकेदारलाई अन्तिम भुक्तानी दिने क्रममा २ लाख नगद र ३ लाख रुँपैयाको चेक लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर बिरेन्द्र यादवलाई आयोगको क्षेत्रिय कार्यालय इटहरीबाट खटेको टोलीले राजविराजको गजेन्द्र चौकस्थित एक यात्रुबाहक बसको टिकट बुकिङ काउन्टरबाट पक्राउ गरेको थियो ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव र शम्भुनाथ नगरपालिका प्रमुख जितेन्द्र प्रसाद गुप्ता भ्रष्टाचारको आरोपमा निलम्बित भइसकेका छन् । दुबै जना बिरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को कसुरमा कैद र जरिवानासहित विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्बित भएका हुन् ।

राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । शम्भुनाथ नगरपालिकाका मेयर गुप्ताको मुद्दा भने सुनवाईकै क्रममा रहेको छ ।

## युवकलाई अमानवीय तरिकाले कुटपिट गरेको घटना सार्वजनिक



**राजविराज**/सप्तरीको बोदेबरसाईन नगरपालिका वडा नं. ३ मधुवनमा गत बिहीबार एक २० वर्षीय युवकलाई अमानवीय तरिकाले कुटपिट गरेको घटना सार्वजनिक भएको छ ।

स्थानीय संजितकुमार यादवलाई सोही ठाउँका ३५ वर्षीय भगवानदत्त यादव, २८ वर्षीय राम दुलार यादव, २८ वर्षकै नन्दकिशोर यादव र ३४ वर्षीया अनारवती देवी यादवले अमानवीय तरिकाले कुटपिट गरेको भिडिओ सार्वजनिक भएको मधेशलाइभले जनाएको छ ।

प्रहरीका अनुसार भगवान दत्तकी छोरी सिताकुमारी यादवलाई जिस्काएको विषयलाई लिएर संजितमाथि कुटपिट भएको हो ।

कुटपिटमा संलग्न एक जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाइएको छ भने अन्यको पनि तीव्रताका साथ खोजी कार्य भइरहेको एसपी नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।

➤ आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
➤ कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
➤ सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
➤ घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुर्‍याऔं,
➤ आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बाढी नियन्त्रणका लागि ठोस नीति तथा योजना बनाएर अघि बढौं

हरेक वर्ष वर्षाको समयमा सप्तरीका विभिन्न स्थान डुवानमा पर्ने गरेको छ । वर्षाका कारण आउने गरेको बाढीको पानी विभिन्न नदी, खोलाको सतह भन्दा माथी आएर मानवबस्तीमा पस्ने गरेको छ । जसकारण मानवबस्ती डुवानमा पर्ने गरेको छ । यो समस्या जिल्लामा नयाँ भएर पुरानै हो । पुरानो समस्या भएपनि सम्बन्धीत निकायले समाधानको कुनै ठोस पहल गरेको देखिदैन् । यस्तो अवस्थामा हरेक वर्ष बाढीको समस्या समाधान नगरि अल्पकालिन समाधान गर्नेतर्फ बढी ध्यान केन्द्रित भएको देखिन्छ । अहिले सम्म बाढीको समस्या आउनुको कारण कुनै दिर्घकालिन समाधान, ठोस नीति तथा समन्वकारी भूमिका निर्वाहा गरेको देखिन्न् ।

बाढीले विभिन्न खोला, नदीको तटबन्ध भत्काएपछि र पानी मानवबस्तीमा पसेपछि मात्र सम्बन्धित निकाय तातिने गर्छ । यस्तो अवस्था आउनु पूर्व कम्तिमा पूर्वतयारी सम्म गर्न सकेका छैनन् स्थानीय तह तथा जिल्ला तहका निकायले । वर्षाको मौसममा पानी पर्ने र बढी वर्षा भएको खण्डमा बाढी आउने हामीलाई थाहा छ तर पनि त्यसको पूर्वतयारीमा कोही लाग्दैनन् । धनमालको क्षति तथा मानवीय क्षति हुन नदिन हतार हतारमा अल्पकालिन योजना बनाएर क्षतिग्रस्त स्थानमा पुग्न भ्याउने बानीले समस्याको समाधान नहुने कुरामा कसैको दुईमत नहोला । तर, पनि हचुवाको तालमा दैवी प्रकोपबाट पीडित भएकाहरुको उद्धारका लागि देखाउने कार्य कतिको फलदायी हुन्छ ! यो एउटा गम्भिर विषय हो ।

तसर्थ बाढी नियन्त्रण तथा त्यसबाट हुन सक्ने धनमाल र मानवीय क्षतिप्रति पूर्व तयारी आवश्यक छ । यसका लागि सरोकारवाला निकायले बार्षिक बजेट कार्यक्रममा समस्या समाधानका लागि ठोस नीति बनाएर अघि बढ्नु पर्ने जरुरी छ भने त्यसका साथ-साथ विपद् कोष खडा गरि बजेट पनि बिनियोजन गर्नु उत्तिकै आवश्यक रहेको छ । अनिमात्र बाढी नियन्त्रणको प्रयासले मूर्त रुप लिने कुरामा दुई मत नहोला ।

# चप्पल पड्काउँदै राजनीतिमा छिरेकाको सम्पत्तिको स्रोत के हो ?

**रिसव गौतम**

धनाढ्यहरूको सम्पत्ति गणना गर्ने प्रसिद्ध म्यागेजिन फोर्ब्सको सूचीमा परेका नेपालका अर्बपति विनोद चौधरीको गत वर्ष मात्रै ४० अर्ब नेपाली रूपैयाँ सम्पत्ति थपिएको छ । उनको कुल सम्पत्ति २०० अर्ब नाघिसकेको छ ।

चौधरी व्यापारीका साथै नेता पनि हुन् । कांग्रेसका बहालवाला सासंद हुन् । राज्य व्यवस्थाको नियम कानुनको परिधिमै रहेर विनोदले त्यो विध्न सम्पत्ति आर्जन गरे होलान् । तर एउटा प्रश्न के हो भने विनोदको गत वर्ष ४० अर्ब सम्पत्ति थपिँदा उनको जीवनमा के त्यस्तो परिवर्तन आयो होला ? एउटा व्यक्ति, परिवारलाई कति सम्पत्ति भए पुग्ला ? र, अर्को प्रश्न विनोदको सम्पत्ति थपिँदा कतिका सम्पत्ति खुम्चिए होलान् ?

संविधानमै समाजवाद उन्मुख अर्थतन्त्रको उडान भरेको नेपालमा यो खालको बहस किन भएन ? नयाँ आएका दल र तिनका सांसदहरूले बढ्दो असमानता, गरिबी, सहरी गरिबीको विषयमा किन आवाज उठाउँदैनन् ? रविहरू किन मौन छन् ? यसै नै विश्व प्रसिद्ध धनी व्यक्तिमध्येमा कहलिएका विनोदको थपिएको ४० अर्ब सम्पत्ति गरिबहरूको भागमा परेको भए हजारौं गरिबले मुक्ति पाउँथे ? राज्यको राजस्व आम्दानी ४० अर्ब थपिएको भए राम्रा ४०-५० वटा अस्पताल नै बनाउन सकिन्थ्यो ।

त्यस कारण सीमित व्यक्तिले आफ्नो अधीनमा असीमित सम्पत्ति थुपार्दा लाखौं मान्छेले छाना, नाना, स्वास्थ्य उपचार र आधारभूत सेवा नपाएर तड्पिएका छन् । त्यही भएभरको सम्पत्ति थुपारेका व्यक्ति राजनीतिमा आएर गर्छन् के ? गर्छन् कसका लागि ? उनीहरूले आफू होइन देश बनाउँछन् भन्ने आधार के ? राजनीति भनेको त उच्च तहको समाज सेवा न हो । समाज सेवाको पनि उच्चतम रूप हो । भएभरका सम्पत्ति थुपारेर लाखौं मान्छेलाई हेरेको हेरै पार्ने विनोद चौधरीहरूले राजनीति गर्नुको अर्थ र उपादेयता के ? देशकै सबैभन्दा धनी व्यक्ति उनी हरेक वर्ष सबैभन्दा बढी राज्यलाई कर तिर्ने पहिलो व्यक्ति किन बन्दैनन् ?

एक हिसाबले हेर्दा विनोद चौधरीले त राजनीति होस् या व्यापार सबै देखाएरै गरेका छन् । हो उनले धेरैलाई रोजगारी पनि दिएका छन् । राज्यलाई केही कर पनि तिरेका छन् । उद्यमशीलता सिकाएका छन् । उनले जे गरेका छन् कानुनले दिएकै काम गरेका छन् । ज्ञान, सीप र क्षमता प्रदर्शन गरेर आफ्ना लागि गरेका छन् । तर यहाँ राजनीतिभित्रका आडम्बरीहरूको चर्तिकला सुन्दा घिन पनि लाग्छ । राजनीतिका सुरुवाती दिनहरूमा चप्पल पड्काएर आएकाहरू अहिले करोड, करोडका गाडी चढ्ने, अर्बौं सम्पत्तिका मालिक भएका छन् । धेरै जसो तस्करी, जग्गा दलाली, सहकारी ठगी, भ्रष्टाचारीहरू साना-ठूला नेता नै मुछिएका देखिन्छन् । त्यो छिपेको छैन, बाहिर आइसकेको छ ।

नेपालको राजनीति गर्ने नेताहरू कतिसम्म भने कि उनीहरू सत्तामा पुगेपछि मन्त्री-प्रधानमन्त्री भएपछि आफ्नो सम्पत्ति विवरणसम्म सार्वजनिक गर्नसम्म डराउँछन् । एक त एकै खालका व्यक्तिहरू अनेकौं पटक मन्त्री, सासंदमा दोहोरिएका हुन्छन् । अर्को त्यसरी पदमा पुग्दासम्म आफ्ना सम्पत्ति विवरण सार्वजनिक गर्दैनन् । त्यसरी सम्पत्ति सार्वजनिक नगर्दा अकुत कमाइएका सम्पत्ति अरूले थाहा नपाउने भए, अर्को भोलि कमाउने बाटो पनि रहँदैन भन्ने लाग्ला । सरकारको नेतृत्व गर्नेहरूले नै सम्पत्ति विवरण सार्वजनिक नगरेपछि पदमा पुग्ने अन्यले, कर्मचारीहरूले गर्लान् त ? विभिन्न पेसा व्यवसाय गर्नेहरूले गर्लान् त ? सरकारी पद धारण गर्नेहरूले पद ग्रहण गर्दाको आफ्नो सम्पत्ति सार्वजनिक नगरेपछि भ्रष्टाचारको, अनियमितताको छानबिन कसरी गर्ने होला ? नेपालमा राजनीतिलाई राजनीति हैन, लाजनीति बनाइएको छ । राजनीति समाज सेवाको उच्चतम रूप नभएर कमाउने सर्वोत्तम काइदा भएको छ । यस्तो भएपछि आम देशवाशीले, निमुखाले दुःख नपाए कसले पाउँछ ? त्यस कारण जनताले भोट हाल्दा नेताका सबै हिसाबका आनीबानी तराजुमा जोख्न जरुरी देखिन्छ ।

अहिलेको प्रचण्ड सरकारको मन्त्रीमण्डलका सदस्यहरूको सम्पत्ति कति छ, बाहिर आएको छैन । तर नेताहरूका सम्पत्ति कति हुन्छ भन्ने एउटा सानो उदाहरण छ । २०७५ सालमा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदाका केही मन्त्रीहरूले सार्वजनिक गरेको सम्पत्ति विवरणलाई हेर्न सकिन्छ । सो बेला सार्वजनिक गरिएको सम्पत्ति विवरण अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको भक्तपुरमा डेढ रोपनी जग्गामा निर्मित तीनतले दुईवटा घर, झापाको पृथ्वीनगरमा १० कट्ठा जग्गा र श्रीमतीसहितको गरेर विभिन्न बैङ्कमा राखिएको कुल ७७ लाख रुपैयाँ र १७ तोला गरगहना भएको देखिन्छ । त्यसै गरी त्यतिबेलाका रक्षामन्त्री ईश्वर पोखरेलको काठमाडौंको टोखामा ३३ आना जग्गामा बनेको ३ तले घर, ९ तोला सुन र २५ तोला चाँदी र श्रीमतीसहितको गरी १३ लाख ४० हजार नगद र विभिन्न कम्पनीमा सेयर रहेको देखिन्छ ।

त्यसैगरी त्यो बेलाका अर्थमन्त्री युवराज खतिवडाको विभिन्न बैङ्कमा १ करोड ५८ लाख बैङ्क ब्यालेन्स, काठमाडौंमा ३३ आना जग्गा, श्रीमतीको नाममा झापा, दोलखा, भक्तपुरमा जग्गा रहेको देखिन्छ । त्यसैगरी त्यतिबेलाका पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठको ललितपुरमा एक र धनुषामा २ गरी ३ वटा घर, ७ ठाउँमा जग्गा, ५२ तोला सुन, ५ वटा कम्पनीमा ४० करोडभन्दा बढीको सेयर रहेको देखिन्छ । त्यस्तै त्यति बेलाका युवा तथा खेलकुद मन्त्री जगत्बहादुर विश्वकर्माको ५० तोला सुन र २० लाख बैङ्कमा रहेको देखिन्छ । त्यसै गरी उद्योगमन्त्री भएका मातृका यादवको ५ लाख ५२ ८ सय ७२ नगद, १६ तोला सुन, सिरहा, धनुषा र ललितपुरका विभिन्न स्थानमा जग्गा रहेको देखिन्छ । त्यस्तै त्यतिबेलाका कानुन न्याय, तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङको ३० तोला सुन, १ लाख २८ हजार ९ सय ४२ नगद र १५ लाख सेयर, श्रीमतीको नाममा सहित सिन्धुपाल्चोक, मोरङ र काठमाडौंमा जग्गा रहेको उनीहरूले नै सार्वजनिक गरेका सम्पत्ति विवरण थिए ।

जाडोमा न्यानो ओढ्ने र दुई छाक खान पनि धौधौ पर्ने कर्णालीका जनताले आफूलाई शासन गर्ने नेताहरूको ५०औं तोला सुन, लाखौं करोडौं बैङ्क ब्यालेन्स, एकभन्दा बढी घर भएको थाहा पाए के सोच्दा हुन् । राजनीति गर्नेहरूले सुन सङ्कह, नगद सङ्कह र घर तथा राम्रा गाडीहरूको जगेडा, आवश्यकताभन्दा बढी जग्गा जमिनको लोभलालच गर्छन् भने उनीहरूले राजनीति चाहिँ कसका लागि गर्छन् ? एउटा घर, केही तोला सुन, केही लाख नगद ब्यालेन्स स्वाभाविक होला । तर ५० औं तोला सुन दर्जनौं स्थानमा घरघडेरी, एकभन्दा बढी विलासी गाडी किन आवश्यक हो ? मार्क्स, माओ, गान्धी, नेल्सन मन्डेला वा बीपीहरू जिउँदा थिए भने यसरी सम्पत्ति थुपार्ने नेताहरूको सम्बन्धमा के भन्दा हुन् । चप्पल पड्काउँदै विकल्पविहीन भएपछि राजनीतिमा पसेकाहरूको अहिले सहरमा अलिशान महलहरू छन् । बैङ्कभरी ब्यालेन्स छ । धेरै कम्पनीहरूमा सेयर छन् । तर उनीहरूको त्यसको स्रोत के हो ? बिनापसिना, बिनापरिश्रम, जनता चुसेर थुपारिएका नेताहरूका अपारदर्शी सम्पत्तिको छानबिन गर्ने कि नगर्ने ? अब ०४६ सालयता सार्वजनिक पदमा पुगेकाहरूको सबैको सम्पत्तिको स्रोत छानबिन गर्न जरुरी छ । मुलुकमा अपारदर्शी धनले छाया अर्थतन्त्रको अकार अत्यन्त बढेर गएको छ । देशको जीडीपी हाराहारी अनौपचारिक अर्थतन्त्र (कालो धन) पुगिसकेको अवस्था छ । त्यस कारण व्यवसाय गरेर राजनीतिमा आएकाहरूले पनि राज्यलाई इमानदार भएर कर तिरे कि तिरेनन् ? चप्पल पड्काएर राजनीतिमा आएकाहरूले पनि कहाँबाट धन थुपारे त ? त्यसको खोजी अब हुनै पर्छ । जनता मेरेका मरै छन् । नेताहरू धनी भइरहेका छन् । जहाँ जहाँ ठगी, तस्करी, भ्रष्टाचार, किर्तेका कुरा आउँछ त्यहाँ कुनै कुनै बडे छोटे नेताकै संलग्नता देखिन्छ । अब त्यसको छानबिन हुने कि नहुने ? यो लोकतन्त्र, गणतन्त्र जनताको हो । सीमित नेता, तिनका आसेपासे मोटाउने र आमजनता दुब्लाउने, महँगी र अभावको चपेटामा पर्ने अवस्थाको अन्त्य हुनै पर्छ । इमानदार उद्यमी व्यवसायीहरूले, विकास र समृद्धिका सपनाहरू देख्दादेख्दै टोलाएका जनताका रगत र पसिनाले सिर्जित सरकारी कोषहरू दोहन हुनु हुँदैन । कसैका लागि विलासिताको माध्यम त्यो कोष हुनु हुँदैन ।

यो तथ्य पुराना राजनीतिक दलहरूसँग आहात भएका जनताको मनोविज्ञान बुझेर नयाँ आएको पार्टीका नेताहरूले झन् ख्याल गर्नुपर्छ । उनीहरूलाई जनताले दिएको मत पुरानासँगको जनताको रोष प्रकट हो । नयाँहरूले केही गरेर देखाउन सकून् । राजनीतिलाई करियर, वादविवादको प्लेटफर्म अथवा फेसन ठान्ने होइन । यो त आफ्ना लागि नभएर अरूका लागि, देशका लागि, त्यागका लागि समर्पण गरिने चिज हो । नयाँहरूले त्यो तथ्य बुझून् । रातोपाटीबाट


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारी विद्यालयको पढाइ कमजोर हुनुमा दोष कसको ?

**गोविन्द लुइँटेल**

देशको विद्यालय शिक्षामा संविधानमा उल्लिखित शिक्षाको हक, राष्ट्रिय शिक्षा नीति, ऐन-नियम, पाठ्यक्रम, पाठ्यपुस्तक, तहगत तालुकवाला निकायहरू र विद्यालय हुँदै अन्तिम विन्दु शिक्षक हो । यी सबै अवयवहरू गएर ठोक्किने शिक्षकमै हो । यी सबैको केन्द्रमा हुन्छ विद्यार्थी ।

संविधानले शिक्षाको हक जतिसुकै पक्का गरे पनि, राष्ट्रिय शिक्षा नीतिले जे-जस्ता उद्देश्य र लक्ष्य लिए पनि, ऐन-नियम जतिसुकै समयानुकूल भए पनि, तालुकवाला निकायहरू जतिसुकै बलिया भए पनि अन्तिम नतिजा दिने शिक्षकले नै हो ।

यस अर्थमा प्रभावकारी शिक्षण-सिकाइबाट राष्ट्रिय शिक्षा नीतिको उद्देश्य र लक्ष्यअनुसार नतिजा दिने जिम्मेवारी शिक्षकको थाप्लामा छ । फलाम तताउन ज-जसले आगो फुके पनि घन हिर्काउने कर्मी शिक्षक नै हो । माटो ज-जसले मुछे पनि अन्तिम आकार दिने कुम्हाल शिक्षक नै हो ।

शिक्षण-सिकाइ प्रभावकारी नभएर वा अन्य जुनसुकै कारणले होओस्, प्रधानाध्यापकले पहिलो प्रश्न गर्ने शिक्षकलाई नै हो । अभिभावकको पहिलो प्रश्न पनि शिक्षकमाथि नै हुन्छ । राजनीतिक व्यक्तिहरू शिक्षकलाई नै दोषी देख्छन् र तिनैमाथि खनिन्छन् । शिक्षाविद् कहलिएकाहरू र नीतिनिर्माताहरू शिक्षकतिरै औंला सोभ्याउँछन् ।

नेपालको सन्दर्भमा सामुदायिक भनिने सरकारी विद्यालयहरू लगभग बद्नाम बनाइएका छन् । शिक्षकहरू बेइमानीका पात्र बनाइएका र निकम्मा साबित गरिएका छन् । निजी विद्यालयको नतिजासँग तुलना गरेर सरकारी विद्यालयहरूका नाममा नकारात्मक भाष्य बलियो बनाइएको छ । दोषी ठानिने शिक्षकहरू सरकारी विद्यालयका मात्रै हुन् ।

तुलनात्मक रूपमा निजी विद्यालयहरूले सरकारीको भन्दा राम्रो नतिजा दिएका छन् । कतिपयले निकै राम्रो दिएका छन् । त्यहाँका प्रधानाध्यापक र शिक्षकहरूले अलिक बढी मिहिनेत गरेरै राम्रो नतिजा दिन सकेका हुन् भन्न अप्ठ्यारो मान्नु पर्दैन ।

निजी विद्यालयहरूको नतिजा तुलनात्मक रूपमा किन निकै राम्रो छ र सरकारीको किन निकै नराम्रो भन्ने विषयमा अलग्गै विश्लेषण आवश्यक पर्छ । यहाँ उसले सरकारी विद्यालयको शिक्षकलाई निकम्मा र दोषी साबित गर्ने भाष्य कसरी तयार हुँदैछ भन्ने र सुधार गर्नुपर्ने पक्षमा विश्लेषणको प्रयास गरेको छ ।

विद्यालय शिक्षाको केही अधिकार स्थानीय तहमा पुगेपछि विद्यालयका कक्षाकोठामा जनप्रतिनिधिको पहुँच सहज भएको छ । वडा सदस्य, वडाअध्यक्ष र अध्यक्ष-उपाध्यक्ष, प्रमुख-उपप्रमुख अवलोकनका नाममा कक्षाकोठामा पस्ने गरेका छन् । अवश्य पनि यसको सकारात्मक पाटो छ । जनप्रतिनिधिहरूले कक्षाकोठामा पसेर शिक्षण-सिकाइ गतिविधि अवलोकन गर्दा शिक्षकलाई आफ्नो जिम्मेवारीबोधमा केही न केही राम्रो प्रभाव पर्नेछ । विद्यार्थीहरूमा पनि यसले कुनै न कुनै रूपमा सकारात्मक प्रभाव पार्छ भन्ने विश्वास गर्न सकिन्छ ।

यसरी कक्षामा आउने जनप्रतिनिधिले विद्यार्थीहरूको विचारको जानकारी पनि लिने नै भए । कक्षाकोठामा नपसे पनि विद्यालयमा आएर वा नआएरै पनि कुनै शिक्षकको शिक्षण-सिकाइ गतिविधिबारे जानकारी लिन सक्ने भए । प्रधानाध्यापक र शिक्षकहरूसँग छलफल गर्न सक्ने भए । सानातिना समस्या समाधानका लागि मद्दत गर्न सक्ने भए । अलिक ठूलो कुनै समस्या रहेछ भने समाधानका लागि पहल गर्न सक्ने भए ।

यस अर्थमा स्थानीय जनप्रतिनिधिहरूको चासो, विद्यालय आगमन र कक्षा अवलोकन सकारात्मक नहुने कुरै भएन ।

यो आलेख तयार गर्ने सिलसिलामा उसले ठाउँ फरक पारेर केही शिक्षकहरूसँग कुरा गरेको थियो । ती शिक्षकहरू सकारात्मक सुनिएनन् । ती शिक्षकहरूले स्थानीय जनप्रतिनिधिहरूको चासोलाई अन्यथा भनेनन् तर शिक्षकको कुरा नसुनी दोषी करार गर्ने र निर्देशन दिने गरेको भनेर गुनासो गरे ।

उदाहरण एक- वडाध्यक्ष आए, शिक्षकलाई सोधेर कक्षा कोठामा पसे । करिब दस मिनेट उनी चुपचाप बसे । त्यसपछि केही विद्यार्थीलाई पाठसँग सम्बन्धित केही प्रश्न गरे । धेरैजसो विद्यार्थीले जवाफ दिन सकेनन्, दिनेले पनि मिलाएनन् । वडाध्यक्षले शिक्षकलाई विद्यार्थीले बुझ्ने गरी पढाउन कक्षाकोठामै निर्देशन दिए ।

उदाहरण दुई- अर्को एक वडाध्यक्ष विद्यालयमा गए । कुनै एक शिक्षकलाई बोलाएर तपाईं राम्रो पढाउनुहुन्न, विद्यार्थीहरू केही पनि बुझ्दैनन् भन्ने गुनासो आएको छ भने ।

शिक्षकका गुनासाहरू अरू पनि छन् । यी दुई गुनासालाई उसले अलिक महत्वको ठानेर यहाँ प्रस्तुत गरेको हो ।

ती दुई वडाध्यक्षले शिक्षक साँच्चै कमसल हो कि ऊ कमसलजस्तो देखिने अन्य केही कारण पनि छन् भन्नेतर्फ ध्यान दिएनन् । प्रधानाध्यापक र शिक्षकसँग छलफल पनि गरेनन् । विद्यार्थीले जवाफ दिन नसक्नु वा पढाएको केही बुझिनँ भन्नुका पछाडि अन्य केही कारण पनि छ कि, त्यो खोजी गर्न वा जानकारी लिन तिनले आवश्यक ठानेनन् । केवल तिनले शिक्षकलाई दोषी करार गरे ।

यी जनप्रतिनिधिहरू सहयोगीभन्दा बढी निर्देशक वा उपदेशकजस्ता भए । प्रधानाध्यापकलाई भन्नुपर्ने कुरा सिधै शिक्षकलाई भने । कुनै शिक्षकलाई एक्लै वा प्रधानाध्यापक समेतको सहभागितामा वा शिक्षकको समूहमा मात्रै भन्नुपर्ने कुरा कक्षाकोठामै भनिदिए । यस्तो प्रवृत्तिमा शिक्षकहरूको गुनासो देखियो । विशेष गरी अलिक ग्रामीण क्षेत्रका शिक्षकहरूमा यस्तो गुनासो सुनिन्छ ।

कर्मचारीहरू पनि शिक्षकलाई दोषी करार गर्न अग्रसर देखिन्छन् । सरकारी विद्यालयका शिक्षकहरू नियमित उपस्थित हुँदैनन्, ढिलो पुग्छन्, पालो मिलाउँदै छिटो निस्कन्छन्, पढाउनमा मिहिनेत गर्दैनन्, अल्छी छन्, राजनीतिमा लागेका छन् इत्यादि दोष देखाउँछन् । अनि एकमुष्ट परिणाम सुनाउँछन्- सरकारी स्कुल खत्तम भए ।

यसरी दोषी करार गर्नमा स्थानीय तहदेखि प्रदेश र संघीय शिक्षा मन्त्रालयसम्मकै कर्मचारीहरू उत्तिकै तत्पर देखिन्छन् । पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, विद्यार्थीको पारिवारिक-आर्थिक-सामाजिक अवस्था इत्यादि बेवास्ता गर्छन् । सबै विद्यार्थीलाई एउटै डालोमा हाल्छन् र एकमुष्ट निष्कर्ष सुनाउँछन्- सरकारी स्कुल खत्तम भए किनभने मास्टर ( शिक्षक) गतिला भएनन् ।

माथि नै भनियो, अन्तिम परिणाम दिने जिम्मेवारी शिक्षकको थाप्लामा छ । परिणाम दिनुपर्नेले दिन नसकेपछि प्रश्न उठ्नु र दोषी देखिनु स्वाभाविक हुन्छ । तालुकवाला निकायहरू पनि आपसमा एकअर्कालाई दोषी करार गर्ने प्रयत्न गर्छन्- माथिबाट क्रमशः तलतिर र तलबाट क्रमशः माथितिर । अन्तिममा ठोक्किने चाहिँ शिक्षकमै रहेछ ।

यसरी शिक्षकलाई अन्तिम दोषी करार गर्दा सञ्चारको यो अधुनातन समयमा बालबालिका र किशोरकिशोरीहरूको पढाइ-सिकाइ प्रवृत्तिमा देखापरेको नकारात्मक प्रभाव बेवास्ता गरिएको छ भन्ने उसको ठहर छ ।

आजको सुलभ सञ्चार प्रविधि अर्थात् इन्टरनेटयुक्त सेल फोन (मोबाइल) ले विद्यार्थीहरूको पढाइ-सिकाइमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको छ । यस्तो प्रभावबारे नेपालमा कति अध्ययन भएको छ, उसको जानकारीमा छैन तर विकसित मुलुकतिर केही अध्ययन भएको छ । उसको विहंगम दृष्टिले चाहिँ सकारात्मकको तुलनामा नकारात्मक प्रभाव बढी देखेको छ, खासगरी बालबालिका र किशोर उमेरका विद्यार्थीहरूको पढाइ-सिकाइका सन्दर्भमा ।

यो सन्दर्भ खासगरी एक दशकयताको हो । सरकारी विद्यालयका शिक्षक दोषी ठहरिन थालेको निजी विद्यालयको विकास र विस्तार भएदेखि नै हो । सामान्यतया करिब तीन दशकअघि सुरू भएर सघन हुँदै आएको हो ।

कोही शिक्षकमा शिक्षण कलाको अभाव हुन सक्छ त कसैमा विषयवस्तुमा बलियो पकड नहुन सक्छ, तर यो सर्वव्यापी समस्या होइन, अपवादसम्म हो । यसले समग्रमा सरकारी स्कुलले शिक्षण सिकाइमा दिने नतिजामा फरक पारेको होइन । शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेका शिक्षकको संख्या बढ्दै जाँदा त्यो अपवाद नगन्य हुँदै छ ।

समष्टिमा सरकारी विद्यालयका शिक्षक नै नियतवश निकम्मा भएका हुन् भने तिनलाई तह लगाउन एक-एक जनामा निगरानी आवश्यक पर्दैन । विद्यालय आफैंमा एउटा सिंगो संस्था हो । यो संस्था प्रधानाध्यापकको नेतृत्वमा चलेको हुन्छ । प्रधानाध्यापक विद्यालयको नेतृत्वकर्ता मात्र होइन, राज्यको तालुकवाला निकायको प्रतिनिधि पनि हो । स्थानीय तह वा माथिल्ला निकायहरूले प्रधानाध्यापकलाई बढीभन्दा बढी उत्तरदायी बनाउन सके भने, बढीभन्दा बढी कर्तव्यबोध गराउन सके भने र प्रधानाध्यापकसँग परिणाम खोज्ने प्रणाली बसाउन सके भने सरकारी विद्यालयहरूले राम्रो नतिजा दिन सक्छन् भन्ने उसको विश्वास छ ।

उसको विहंगम दृष्टिले भन्छ- आज पनि प्रधानाध्यापकले बलियो नेतृत्व गर्न सकेका सरकारी विद्यालयहरूले प्रतिस्पर्धी नतिजा दिएका छन् । निजी विद्यालय छाडेर सरकारी आउने परिस्थिति सिर्जना गरेका छन् ।

बलियो नेतृत्व भन्नुको अर्थ शिक्षकहरूलाई अदबमा राख्नु

*बाँकी चार पृष्ठमा*




अनुरोधकर्ता
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

### सरकारी विद्यालयको ...

मात्रै होइन, त्योभन्दा बढी बलियो प्राज्ञिक नेतृत्व गर्नु हो । विद्यालयको शिक्षण-सिकाइ गतिविधि प्रधानाध्यापकको प्राज्ञिक दक्षता र शिक्षकहरूलाई काममा लगनशील बनाउने कौशलमा भर पर्छ भन्ने उसको अनुभव छ ।

ऊ आफूले बलियो नेतृत्व क्षमता भएको ठानेका र कमजोर ठानेका दुवै खाले प्रधानाध्यापकसँग काम गरेको छ । यसमा नतिजा पनि फरक पाएको छ । विद्यालयको समग्र शैक्षिक वातावरणमा भिन्नता पाएको छ । विद्यार्थीहरूको पढाइ-सिकाइ उत्साहमा भिन्नता पाएको छ ।

नेता कति महत्वपूर्ण हुन्छ भन्ने प्रस्ट चित्र देशका अनेक संघ-संस्था, राज्यका अनेक निकायहरू र स्थानीयदेखि संघीय सरकारसम्मका नेतृत्वले देखाएका छन् ।

कुन गाउँपालिका वा नगरपालिकामा बढी राम्रो काम भयो, कुन मुख्यमन्त्रीले आफ्नो कार्यकालमा तुलनात्मक रूपमा बढी र राम्रो काम गर्न सके, कुन मन्त्री प्रभावकारी देखिए, कुन प्रधानमन्त्रीका पालामा बढी र राम्रो काम भयो, कसका पालाका बढी वा कम भ्रष्टाचार भयो भन्ने अनेक प्रश्नमा बहस चल्नुको अर्थ नेतृत्व क्षमतामाथिको बहस हो ।

सरकारमात्र होइन, राज्यका सबै अंगहरूका नेताका विषयमा बहस चल्छ । कुन प्रधानन्यायाधीशका पालामा अदालत बढी बलियो र कसका पालामा कमजोर देखियो भन्ने बहस पनि चल्ने गरेको छ । संस्थाको परिणाम नेताको कार्यक्षमता र कार्यकौशलमा भर पर्छ भन्ने तथ्य घामजत्तिकै छर्लंग छ ।

एउटा उदाहरण लिऔं- आज देशभरका कैयन बचत तथा ऋण सहकारी संस्थाहरू किन धराशायी भए ? किन हजारौं बचतकर्ताको बचत डुब्यो ?

जवाफमा अनेक कारण आउलान्, ती कारणहरू साँच्चै गम्भीर हुन पनि सक्लान् तर एउटै मुख्य कारण हो- बेइमान नेतृत्व ।

नेतृत्व किन बेइमान भयो? किनभने निगरानी र नियमन गर्ने निकायहरू गतिला भएनन् वा ती निकायले आफ्नो जिम्मेवारी निपुणताका साथ पूरा गरेनन् ।

बढी कर्तव्यनिष्ठ र इमानदार हुनुपर्ने तत् संस्थाको नेतृत्व नै हो, तर यसो भनेर नियामक निकाय उम्किन पाउँदैन । तल्लो निकायलाई दोषी देखाएर माथिल्लो निकायले आफूलाई पानीमाथिको ओभानो देखाउन पाउँदैन । तल्लो निकायलाई उचित निगरानी र नियमन गर्न नसक्नुको उत्तरदायित्वबाट भाग्न पाउँदैन । तर यहाँ त्यही हुँदै आएको छ । आजको दुर्भाग्य नै यही हो ।

यसरी हेर्दा तल्लो निकायलाई दोषी देखाउने प्रवृत्तिकै परिणामस्वरूप सरकारी विद्यालयको शिक्षक चौतर्फी प्रहारको केन्द्रविन्दु भएको हो । राष्ट्रिय शिक्षा नीति, ऐन-नियम, पाठ्यक्रम इत्यादिको अन्तिम नतिजा दिने ठाउँमा बसेको आधिकारिक व्यक्ति शिक्षक नै हो ।

यस अर्थमा शिक्षकको दोष देखिनु स्वाभाविक पनि मानिन सक्छ । यसरी दोषी देखाउँदा माथिल्ला निकायहरूलाई दोषको भाग नलगाउने प्रवृत्ति भने प्रत्युत्पादक छ । यसले शिक्षकको र शिक्षण पेसाको अपमान गर्छ । यसै हुँदै आएको छ ।

यहाँ आजका दिनमा सरकारी विद्यालयभन्दा माथिका सबै निकायले ठिकठाक काम गरेका छन्, अन्य सबै पक्ष ठिकठाक छन् भन्ने मानौं । अब विद्यालयलाई ठिक ठाउँमा ल्याएर नतिजा सुधार्नु छ भन्ने मानौं । यो अवस्थामा अब ध्यान दिनुपर्ने र केन्द्रित हुनुपर्ने प्रधानाध्यापकमा हो ।

सरकारी विद्यालयको सिधा नियमनको अधिकार स्थानीय तहमा छ । यो तथ्य हृदयंगम गरेर स्थानीय तहले प्रतिस्पर्धाबाट निरपेक्ष ढंगले दक्ष प्रधानाध्यापक नियुक्त गरोस् । प्रत्येक शिक्षकको काममा प्रधानाध्यापकलाई उत्तरदायी बनाओस् । परिणाम प्रधानाध्यापकसँगै मागोस् ।

यो काम प्रणालीगत रूपमा, संस्थागत रूपमा होओस, कुनै जनप्रतिनिधिलाई जङ चलेको वा ऊसमक्ष गुनासो पुगेको आधारमा होइन ।

सरकारी विद्यालयहरूले शिक्षण-सिकाइमा सन्तोषजनक परिणाम दिन नसकेको साँचो हो भन्नेमा उसलाई द्विविधा छैन । धेरैजसो निजी विद्यालयका तुलनामा धेरैजसो सरकारी विद्यालय निकै कमजोर साबित भएका छन् । यसमा पनि उसलाई कुनै द्विविधा छैन ।

तैपनि निरपेक्ष रूपमा शिक्षकलाई दोषी देखाएर अनि माथिबाट तलतिर र तलबाट माथितिर दोष पन्छाएर सरकारी विद्यालयको शिक्षण-सिकाइ गुणस्तर सुधार हुँदैन । सुधारको अभियान प्रधानाध्यापक नियुक्ति र उनको कामबाट सुरू गर्नुपर्छ भन्ने उसको निष्कर्ष छ ।

यससँगै सरकारी विद्यालयमा पढ्ने विद्यार्थी, पढ्न पठाउने आमाबाबु-अभिभावक र अधुनातन सञ्चार प्रविधिले बालबालिका र किशोरकिशोरीमा पारेको प्रभावको सापेक्षतामा परिणाम खोज्नुपर्छ ।

यसो भन्नु अलिक गम्भीर र बृहत् पाटो लाग्न सक्छ, तर आजको यथार्थ यही हो ।

सरकारी र निजी विद्यालयको शिक्षण-सिकाइ शैलीका भिन्नता र समानताहरूको पनि अध्ययन गरौं । दुवैका प्रधानाध्यापकहरूबीच अनुभव आदानप्रदानका कार्यक्रम चलाऔं । दुवैका शिक्षकहरूबीच पनि यस्तै कार्यक्रम चलाऔं । निजी र सरकारी विद्यालयमा छोराछोरी पढ्न पठाउने आमाबाबु-अभिभावकको पारिवारिक-आर्थिक-सामाजिक र शैक्षिक अवस्थाको पनि खोज गरौं । दुवै विद्यालयका भौतिक सुविधाहरूको पनि तुलना गरौं ।

विद्यार्थीहरूको प्रोफाइल पनि अध्ययन गरौं । निजी र सरकारी संस्थामध्ये कुनै एक रोजेर सेवा लिने प्रवृत्तिको पनि अध्ययन गरौं ।

यी अनेक पक्षहरूको सापेक्षतामा सरकारी र निजी विद्यालयको नतिजा तुलना गरेर हेरौं । यसरी मात्रै वास्तविक तस्बिर देखिनेछ, सुधारका उपायहरू फेला पर्ने छन् । होइन भने तालुकवालाहरूले माथिदेखि तलतिर र तलदेखि माथितिर दोष पन्छाउने र अन्त्यमा शिक्षकलाई दोषी करार गरेर बाँकी सबै पानीमाथिको ओभानो बन्न खोज्ने प्रवृत्ति झन् बलियो हुँदै जानेछ । परिणाममा सरकारी विद्यालय झन् कमजोर हुँदै जानेछन् ।

सरकारी विद्यालयको शिक्षण-सिकाइ गुणस्तर अभिवृद्धिका लागि सबै सरोकारवालाहरूको एकाग्रताको खाँचो छ । सबै सरोकारवालाहरूको दृढ इच्छाशक्तिको खाँचो छ । सेतोपाटीबाट

# कोशी प्रदेशमा १५ गतेसम्म काम चलाऊ सरकारका रुपमा काम गर्न सर्वोच्चको आदेश

**काठमाडौं**/कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले पाएको विश्वासको मतलाई मान्यता दिन सर्वोच्च अदालतले अस्वीकार गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले मुख्यमन्त्री थापाले पाएको विश्वासको मतलाई मान्यता दिन बिहीबार अस्वीकार गरेको हो । मुख्यमन्त्री थापालाई सर्वोच्चले १५ गतेसम्म काम चलाऊ सरकारका रुपमा काम गर्न आदेश दिएको छ ।

सोमबार प्रदेश सभामा विश्वासको मत लिँदा थापालाई सभाको अध्यक्षता गरेका व्यक्तिसमेतले विश्वासको मत दिएपछि नेकपा एमाले कोशी प्रदेश संसदीय दलका नेता हिक्मत कार्कीले सर्वोच्च अदालतमा बुधबार रिट निवेदन दर्ता गरेका थिए ।

अदालतको आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्ताव निर्णय गर्दा मत बराबर भएको अवस्थामा बाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने देखिँदैन । विवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने देखिएन । यस अवस्थामा कूल ९३ जना प्रदेश सभा सदस्यहरू रहेको प्रदेश सभाका बहुमत सदस्य ४७ जनाको विश्वासको मत प्राप्त गरेको भनी अध्यक्षता गर्ने सदस्यले दिएको मत समेत गणना गरी श्री उद्धव थापाले विश्वासको मत प्राप्त गर्नु भएको भनी घोषणा गरिएको कार्य नेपालको संविधानको धारा १६८(२) र (४) तथा धारा १८६, संसदीय अभ्यास, संवैधानिक नैतिकता लगायत यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल रहेको देखिन आयो । अतः माननीय मुख्यमन्त्री श्री उद्धव थापाले संविधानसम्मत् रुपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन उपरको सुनुवाइ टुंगो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम प्रत्यर्थीका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ ।'

सर्वोच्चले कोशी प्रदेश सरकारविरुद्धको मुद्दालाई अग्राधिकार दिएर भदौ १५ गते पूर्ण सुनुवाइका लागि पेशी तोकेको छ ।

# स्कारपियोसहित लाखौंको भन्सार छलेका सामान बरामद

**राजविराज**/भारतबाट नेपालतर्फ भन्सार छलेर ल्याउँदै गरेको लाखौं मुल्य बराबरको विभिन्न सामानसहित स्कारपियो गाडी प्रहरीले बरामद गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार सप्तरीको बोदेबर्साईन नगरपालिका वडा न. ३ कुसमहारमा प्रहरीको गस्ति टोलिले भारतबाट नेपालतर्फ भन्सार छलेर को.१च.६९९० न. को स्कारपियोमा ल्याउँदै गरेको ८ लाख ८ हजार ७ सय मुल्य बराबरको सामानहरु बरामद गरेको हो ।

प्रहरीले सामानसहित स्कारपियो र चालक सप्तरीको हनुमाननगर कंकालनि नगरपालिका १ भारदह बस्ने ३५ वर्षीय दिपेन्द्र कुमार दाससमेतलाई नियन्त्रणमा लिएको छ । बरामद गरिएको सामानहरुमा लेडिज ब्रा, सारिको फल्स, रुमाल ९२ पिस, लेडिज भेष्ट, सिन्दुर, हातमा लगाउने चुडा, क्रिम, गला सेट, कपाल बान्ने फुल, प्लास्टिकको वायर, प्लाष्टिकको फुल, प्लास्टिको पाईप, झुम्का, लेस, मोति, माला, अङगुठी, कपालमा लगाउने चिम्टी, घाँटिमा लगाउने सिक्री, कानको टप, कानको बाली, कानको झुम्का, प्लास्टिकको रिङ, रड, प्लाष्टिकको जाली रहेको छ ।

बरामद गरिएको सामानको अन्दाजी मुल्य ८ लाख ८ हजार ७ सय रहेको तथा सामान, गाडी र चलाकसमेतलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय बोदेबर्साईनमा राखिएको प्रहरीले जनाएको छ ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घटनाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# दुई महिलासहित चार जनाद्वारा आत्महत्या

**राजविराज**/सप्तरीमा गत साता चार जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

आर्थिक समस्यादेखि प्रेम सम्बन्ध, घरायसी तनाव, श्रीमान श्रीमतीबीच आपसी असमभ्रुदारी, असफलता, वेरोजगारी, ऋणको भार लगायतका कारणले आवेशमा आई आत्महत्याको बाटो रोज्ने गरेको पाइएको भन्दै प्रहरीले यसको न्यूनिकरणका लागी सचेतना अभियान चलाए पनि आत्महत्याको दर बढ्ने क्रम रोकिएको छैन् ।

पछिल्लो पटक बुधबार खडक नगरपालिका वडा नं. ८ मुसहरनिया निवासी गोविन्द मण्डलकी १९ वर्षिया श्रीमती सरस्वती कुमारी भुण्डिएको अवस्थामा मृत फेला परेकी छिन् ।

आफ्नै कोठाको दलिनमा साडीको पासो लगाई भुण्डिएको अवस्थामा उनको मृत शरीर फेला परेको प्रहरीले जनाएको छ ।

केही दिन अघि मात्र नवविवाहित सरस्वतीको विवाह भएको थियो । गोविन्दसँग वैवाहिक जीवनमा बाँधीएकी सरस्वतीले के कुन कारणले त्यस्तो गरेकी होलान भन्ने विषयमा समेत अनुसन्धान थालिएको प्रहरीको भनाई छ ।

सरस्वतीका आफन्तले घट्नाको गहिरो अनुसन्धान हुनु पर्न माँग गरेका छन् । घरायसी विवादका कारण आवेशमा आई आत्महत्याको बाटो रोजेको हुन सक्ने अनुमान स्थानीयले गरेका छन् ।

यस्तै पाँच दिन अघि मात्र राजविराज नगरपालिका १ डुमरी शिवथानकी २८ वर्षिया पुष्पा यादव, हनुमाननगर कंकालिनी नगरपालिका १ का १६ वर्षिय दिपककुमार साह र कंचनरुप नगरपालिका ४ कविलासाका १७ वर्षिय घनश्याम मण्डल आ-आफ्नै कोठामा सिलिङ्ग फ्यानमा भुण्डिएको अवस्थामा मृत फेला परेका थिए ।

तीनै जनाले घरायसी विवादका कारण आत्महत्या गरेको निष्कर्षसहित प्रहरीले अनुसन्धान जारी राखेको वेला एक साता भित्रै त्यस्तै प्रकृतिको चौथो घट्नाले स्थानीय र प्रहरीलाई चिन्तित तुल्याएको छ ।

जिल्लामा आ.ब. २०७९/२०८० मा १ सय ६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । त्यस्तै आ.ब. २०७८/२०७९ मा १ सय ३६ जना र आ.ब. २०७७/२०७८ मा १ सय १५ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कमा उल्लेख छ ।

# बैंकबाट ऋण निकालेकी एक बृद्धाको रकम लुटियो

**राजविराज**/श्रीमान्‌को उपचार तथा नाती नातिनीको विद्यालय शुल्क तिर्नका लागि बैंकबाट ऋण निकालेकी एक बृद्धाको रकम लुटिएको छ ।

सप्तरीको कंचनरुप नगरपालिका ११ ठेलियाकी ६५ वर्षिया मंगलीदेवी चौधरीको १ लाख ९० हजार रुँपैया बिहीबार लुटिएको हो ।

श्रीमान्‌को उपचार तथा नाती नातिनीको बाँकी बक्यौता विद्यालय शुल्क बुभ्राउनका लागि उनले सोही दिन कंचनरुप नगरपालिकास्थित मेरो माइको फाइनान्स बित्तिय संस्था लिमिटेडमा जग्गा धितो राखेर उक्त ऋण निकालेकी थिइन् ।

सो रकम भोलामा राखी उनी काम विशेषले सदरमुकाम राजविराज पुग्न विष्णु ट्राभल्स नामक बसमा चढेकी थिइन् । बृद्धा चौधरीका अनुसार बित्तिय संस्थाबाट रकम लिएर बसमा चढ्दासम्म अपरिचित दुई/तीन जनाले पच्छ्याएका थिए ।

बीच बाटोमै आफूलाई थाहै नहुने गरि भोला काटेर सो रकम निकालेर लगेको उनले प्रहरी समक्ष रुदै सुनाइन् । आफू रुपनी चौकमा बसबाट ओर्लिएपछि भोला चेक गर्दा मात्र रकम लुटिएको थाहा पाएको उनले सुनाइन् ।

उनी त्यही रित्तो भोला बोकेर बिहीबारै साँझ जिल्ला प्रहरी कार्यालय पुगेर भावुक हुँदै प्रहरी अधिकारीहरुलाई रकम पत्ता लागाई दिन गुहारेकी छिन् । बृद्धाको बयानको आधारमा अपराधी पत्ता लगाउने काम सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# हतियारसहित दुई पक्राउ

**सर्लाही**/सर्लाहीको पर्सा गाउँपालिका वडा नं. ६ पर्सा बोर्डरबाट प्रहरीले दुई युवकलाई अटोमेटिक र नलकटुवा पेस्तोलसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सर्लाही हरिपुर्वा नगरपालिका ६ बस्ने २३ वर्षिय जिवन कुमार यादव र सोही स्थान निवासी २० वर्षीय प्रकाशचन्द्र यादव छन् ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरिक्षक महेन्द्र कुमार श्रेष्ठका अनुसार सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट संग्रामपुर सर्लाहीको टोलीले भारत सहोर्वाबाट नेपालको पर्सा गाउँतर्फ आउँदै गरेको बीआर१९जीए४१४१ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा दुबै हतियार बरामद गरिएको छ ।

मोटरसाईकल चालक जिवन कुमार यादवको साथबाट अटोमेटिक पेस्टोल १ नाल, म्याजिन १ थान, गोली १५ थान, नलकटुवा पेस्तोलमा लाग्ने गोली ५ थान, मोबाईल १ थान, भारतीय एटिएमकार्ड एक थान, भारतीय रुँपैया ७ हजार ४ सय र नेपाली रुपैया १ सय ६० बरामद भएको प्रहरीको भनाई छ ।

त्यस्तै सोही मोटरसाइकल पछाडी सवार प्रकाशचन्द्र यादवको साथबाट नलकटुवा पेस्तोल एक थान फेला परेको तथा दुबै जनालाई नियन्त्रणमा लिई सर्लाही जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान कार्य भईरहेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्‌को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै भ्र्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन भोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

अनुरोधकर्ता : **डाक्नेश्वरी नगरपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# रेलमा आगलागी हुँदा ९ तीर्थयात्रीको मृत्यु

**तमिलनाडु**/शनिबार बिहान मदुराइ रेलवे स्टेशन नजिकै रोकेर राखिएको रेलको डिब्बा भित्र आगलागी हुँदा उत्तर प्रदेशबाट यात्रा गरिरहेका नौ जना तीर्थयात्रीको मृत्यु भएको छ भने ५०भन्दा बढी घाइते भएका छन् । पुनालुर-मदुराई एक्सप्रेसले लखनाउबाट ल्याएको उक्त डिब्बामा शनिबार बिहान आगलागी भएको पुष्टि गर्दै दक्षिणी रेलवेले प्रत्येक मृतकका आफन्तलाई रु १० लाख अनुदान दिने घोषणा गरेको छ । अवैध रूपमा तस्करी गरिएको ग्यास सिलिन्डर रेलको डिब्बामा राखिएको र सोही विष्फोट हुँदा उक्त हतातहती भएको रेलवेले एक विज्ञप्ति निकालेर बताएको छ ।

कफी बनाउन ग्यासको चुलो बाल्ने प्रयास गर्दा सिलिन्डर विष्फोट भएको उल्लेख गर्दै विज्ञप्तिमा ५५ जनालाई उद्धार गरिएको र नौ शव बरामद गरिएका जनाइएको छ । दुर्घटनास्थलमा उद्धार जारी छ । दक्षिणी रेलवेका मुख्य जनसम्पर्क अधिकारी बी गुगनेसनले रेलको डिब्बाभित्र यात्रीले गैरकानुनीरुपमा ग्यास सिलिण्डर राखेर भान्सासमेत सञ्चालन गर्दा दुर्घटना भएको बताएका छन् । जुनसुकै यात्रीले रेलका डिब्बा आवश्यक दस्तुत तिरेर यात्रा गर्नसक्ने तर कुनै पनि प्रज्वलनशील पदार्थ ल्याउन नपाइने कानुनी व्यवस्था रहेको उनले स्पष्ट गरेका छन् । एजेन्सी

# फ्रान्सेली राजदूतलाई नाइजर छोड्न आदेश

**नियामे**/नाइजरको सैन्य नेतृत्वले फ्रान्सेली राजदूतलाई देश छोड्न आदेश दिएको छ । सैन्य सरकारको यो कदमले पश्चिम अफ्रिकी राष्ट्रमा प्रजातान्त्रिक रूपमा निर्वाचित राष्ट्रपतिलाई पदच्युत गरेपछि अन्तरराष्ट्रिय सङ्कटलाई अझ बढाएको अल जजीराले जनाएको छ । फ्रान्सेली राजदूत सिल्भेन इट्टेलाई ४८ घण्टाभित्र नाइजर छोड्न भनिएको छ । शुक्रबार उहाँलाई सैन्य सरकारले पठाएको एक पत्रमा छलफलका निम्ति विदेश मन्त्रालयमा उपस्थित हुन गरिएको आमन्त्रणाको बेवास्ता गरेको आरोप पनि लगाइएको छ । राजदूत इट्टेको निष्कासनको कारण 'नाइजरको हित विपरीत फ्रान्सेली सरकारको काम हो' भनिएको छ ।

फ्रान्सको विदेश मन्त्रालयले शुक्रबार नै नाइजरका सत्ता विप्लवीसँग आफ्ना राजदूतलाई फिर्ता जान आदेश दिने कुनै अधिकार नभएको बताएको छ । सैन्य विद्रोहअघिसम्म नाइजरसँग फ्रान्सको सुमधुर सम्बन्ध थियो । आफ्नो पूर्वउपनिवेश नाइजरलाई सशस्त्र समूहविरुद्धको लडाइँमा पेरिसले सघाउँदै आएको थियो ।

गत महिना सेनाले सत्ता कब्जा गरेपछि नाइजरमा फ्रान्स विरोधी भावना बढ्दै गएको छभने केही स्थानीयले आफ्नो आन्तरिक मामिलामा पेरिसले हस्तक्षेप गरेको आरोप लगाएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौंले नाइजरका विद्रोहीको आलोचना गर्दै अपदस्थ राष्ट्रपति मोहम्मद बाजुमलाई तत्काल रिहा गर्न माग गर्नुभएको छ । यसैबीच, सैन्य नेता जनरल अब्दरहमाने त्चियानीले आक्रमणको अवस्थामा नाइजर क्षेत्रमा हस्तक्षेप गर्न बुर्किना फासो र मालीका सुरक्षा बललाई अधिकार दिने दुईवटा कार्यकारी आदेशमा हस्ताक्षर गरेका सैन्य अधिकारी ओमारो इब्राहिम सिदीले बताएका छन् । एजेन्सी

# लागू औषध अभियोगमा एक सय तीस जना पक्राउ


**सिङ्गापुर**/सिङ्गापुरका अधिकारीहरूले लागू औषध बोकेको अभियोगमा एक सय ३० जनालाई पक्राउ गरेका छन् । केन्द्रीय लागू औषध नियन्त्रण विभाग(सिएनबी) ले शनिबार एक विज्ञप्ति निकालेर यही अगस्ट १४ देखि २५ सम्म गरिएको देशव्यापी खोजतलासको कारवाहीमा एक सय तीस ३० जनालाई पक्राउ गरेको जानकारी दिएको हो ।

सिएनबीले दुई साता लामो कारवाहीका क्रममा करिब एक हजार तीन सय १८ ग्राम हेरोइन, दुई हजार पाँच सय ३५ ग्राम गाँजा, चार सय ८६ ग्राम 'आइस' र एक सय ८८ ग्राम केटामाइनलगायत लागूऔषध बरामद गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रतिबन्धित लागू औषध राखेको अभियोगमा पक्राउ परेकामध्येमा एक जना १५ वर्षकी किशोरी र १७ वर्षका किशोरसमेत छन् । सिएनबीले पक्राउ परेका सबै संदिग्धमाथि अनुसन्धान जारी रहेको जनाएको छ ।

सिङ्गापुर लागू औषध तस्करी गर्नेलाई मृत्युदण्डको कठोर सजाय दिने मुलुकमध्येको एक हो । उसले मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको छ । हालै पचास ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका एक पुरुष र तीस ग्राम हेरोइन बोकेको आरोपमा दोषी ठहर गर्दै एक महिलालाई मृत्युदण्ड दिएको थियो । सिङ्गापुरले २० वर्षपछि पहिलोपटक महिलालाई भ्रुण्ड्याएर मृत्युदण्ड दिएको हो । बीस वर्षअघि कपाल काट्ने एक महिलालाई यस्तै अपराधमा मृत्युदण्ड दिइएको थियो ।

सिङ्गापुरले लागूऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टी इन्टरनेशनललगायत मानवअधिकारवादी सङ्घसंस्थाले गर्दै आएका छन् । विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागू औषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अङ्गीकार गरिरहेको परिप्रेक्ष्यमा सिङ्गापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको उनीहरूले बताएका छन् । एजेन्सी

# चन्द्रयान-३ को सफलतापूर्वक चन्द्रमामा अवतरण



**काठमाडौं**/भारतीय अन्तरिक्षयान चन्द्रयान-३ बुधबार सफलतापूर्वक चन्द्रमामा अवतरण भएको छ। भारतीय समयअनुसार साँझ ६ बजेर ४ मिनेटमा चन्द्रयान-३ यान चन्द्र धरातलमा अवतरण भएको हो।

भारतको यो पहिलो अन्तरिक्षयान हो, जुन पृथ्वीको उपग्रहमा अवतरण भएको छ। रुस, अमेरिका र चीनपछि भारत यो सफलता हात पार्ने चौथो देश बनेको छ।

अवतरणपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो एक अविश्मरणीय भएको बताएका छन्। प्रधानमन्त्री मोदी ब्रिक्स सम्मेलनका क्रममा साउथ अफ्रिकाको राजधानी जोहनेस्वर्गमा रहेका छन्।

चन्द्रमाको सतहमा यसअघि अमेरिका, रुस र चीनमात्रै सफलतापूर्वक अवतरण गराएका छन्।

इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो)ले गत असार २९ गते दक्षिण भारतको आन्ध्र प्रदेशस्थित सतिश धावन अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको थियो। 'एलभीएम-३' रकेटले अन्तरीक्षयानलाई अन्तरिक्षमा पुऱ्याएको थियो।

भारतले अन्तरिक्षयानलाई चन्द्रमाको अर्बिट (कक्ष) मा सफलतापूर्वक पुऱ्याएको यो तेस्रो पटक हो। इसरोले यसअघि नै अगस्ट ५ मा 'चन्द्रयान-३' चन्द्रमाको कक्षमा पुग्ने बताएको थियो। भारतको यो मिसन सफल भएमा चन्द्रमाको सतहमा पुग्ने चौथो मुलुक बन्नेछ।

चार वर्षअघि 'चन्द्रयान-२' चन्द्रमामा अवतरण गर्ने क्रममा दुर्घटना भएपछि त्यसलाई थप पुरस्कृत गर्दै भारतले 'चन्द्रयान-३' बनाएको हो। इसरोले दुर्घटना हुन सक्ने सबै किसिमको अवस्था परीक्षण गरेर प्रक्षेपण गरेको छ। यो मिसनका लागि सेन्सर, एलगोरिदिम, इन्जिन, क्याल्कुलेसनलगायतका सबै किसिमका कमजोरी अध्ययन गरिएको हो।

भारतले 'चन्द्रयान-३' मिसनका लागि ६ सय १५ करोड भारतीय रुपैयाँ खर्चेको प्रारम्भिक अनुमान छ। मिसनले चन्द्रमाको थप अध्ययनमा सघाउ पुग्ने बताइएको छ। त्यस्तै त्यहाँको रासायनिक र प्राकृतिक अवस्थाबारे पनि अध्ययन गरिने जनाइएको छ।

# बस दुर्घटनामा १५ यात्रुको मृत्यु

**राजविराज**/बारा र धादिडमा भएको बस दुर्घटनामा १५ जना यात्रुको मृत्यु भएको छ।

तिर्थयात्री बोकेको बस बिहीबार बिहान २ बजे बाराको जितपुर सिमरा उपमहानगरपालिका २२ पूर्वपश्चिम लोकराजमार्गको चुरियामाई नजिक दुर्घटना हुँदा ७ जना तिर्थयात्रीको मृत्यु भएको छ।

काठमाडौंबाट जनकपुरतर्फ जाँदै गरेको मधेस प्रदेश-०३-००१ ख ७९९४ नम्बरको बस बारामा दुर्घटना भएको हो। मृत्यु हुनेमा अधिकांश भारतीय तिर्थयात्री रहेको प्रहरीले जनाएको छ। दुर्घटनामा तीन नेपाली तथा १४ भारतीय नागरिक घाइते भएका छन्।

यस्तै धादिडको गजुरीमा भएको बस दुर्घटनामा ८ जनाको मृत्यु भएको छ। काठमाडौंबाट पोखरा जाँदै गरेको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस बुधबार बिहान करिब ११ बजे त्रिशूली नदीमा खसेको हो।

धादिङ प्रहरीका अनुसार पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-२, स्थित चालिसेबाट बस त्रिशूली नदीमा खसेको छ।

# लोसपाले मनायो स्थापना दिवस




**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले शनिबार विविध कार्यक्रमको आयोजना गरि पार्टीको दोश्रो स्थापना दिवस मनाएको छ।

स्थानीय गजेन्द्र चौकमा स्व. गजेन्द्र नारायण सिंहको शालिकमा माल्यार्पण, बिरामीलाई फलफुल वितरण तथा विचार गोष्ठी लगायतका कार्यक्रम गरि लोसपाले स्थापना दिवस मनाएका छन्।

राजविराज ३ स्थित पार्टी कार्यालयमा जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षता तथा जयप्रकाश ठाकुरको प्रमुख आतिथ्यमा आयोजित विचार गोष्ठीमा अर्का केन्द्रिय नेता अमरकान्त झा, बिनोद सिंह, उपेन्द्र साह, रुपनी गाउँपालिका अध्यक्ष दिनेश कुमार यादव, सुरेन्द्र यादव लगायतले पार्टी संगठन सुदृढिकरण तथा बिस्तारका लागि गाउँ गाउँमा जनजागरण अभियान चलाउनु पर्नेमा जोड दिएका थिए।

# झुठो विवरण पेश गरि नागरिकता लिएको भन्दै उजुरी

**राजविराज**/एक दम्पतीले झुठो विवरणमा नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको छ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ बथनाहा बस्ने बिजय कुमार मण्डल र उनकी पत्नी अम्बिकाले झुठो विवरण पेश गरि नागरिकता लिएको भन्दै उजुरी परेको हो।

मण्डल दम्पत्ति बिरुद्ध उजुरी दिनेमा सोही वडा निवासी भिखारी मण्डल छन्। उनल जिल्ला प्रशासन कार्यालय सप्तरीमा जोहरी दरखास्त बुझाएका हुन्। यता जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालयमा लेखी पठाएपछी मंगलबारदेखि अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

जाहेरी दरखास्तमा भारत बिहार राज्य, जिल्ला मधुवनी, प्रखण्ड खजौली मुख्यग्राम चंद्रडिह पंचायत वडा ८ निवासी ४५ वर्षिय अम्बिका कुमारी मण्डलले झुटो विवरण पेश गरी २०६३ साल चैत्र २९ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट वंशजको (ना.प्र.नं १६३०८६/४२५) नागरिकता प्राप्त गरेको उल्लेख छ।

जाहेरीकर्ता भिखारी मण्डलका अनुसार अम्बिका अहिले पनि भारतको चंद्रडीह ग्रामपंचायत वडा ८ स्थित सरकारी नव सृजित प्राथमिक विद्यालयमा शिक्षिकाको रुपमा कार्यरत छिन्।

भारत बिहार राज्यको निर्वाचन आयोगद्वारा जारी २०२३ को मतदाता सूचिमा अम्बिकाको मतदाता क्रम संख्या २६४, गृहसंख्या २५ र पिनकोड ८४७२२८ रहेको छ। यस्तै पतिको नाम विजय कुमार मण्डल तथा बुवाको नाम सीता राम मण्डल उल्लेख छ। तर अम्बिकाले नेपालबाट प्राप्त गरेको नागरिकतामा श्रीमानको नाम विजय कुमार मण्डल रहेपनि बुबाको नाम अन्तराम मण्डल उल्लेख छ।

एउटै ब्यक्तीले भारतमा अर्कै र नेपालमा अर्कै बुबाको नाम राखी झुटो विवरण पेश गरी नागरिकता लिएको दाबी गर्दै भिखारीले यसको सुक्ष्म अनुसन्धान गरिए सबै सत्य तथ्य बाहिर आउने जाहेरी दरखास्तमा उल्लेख गरेका छन्।

यस्तै उनका श्रीमान विजयले पनि झुटो विवरण पेश गरी भारत र नेपाल दुबै देशको नागरिकता लिएको जाहेरीमा उल्लेख गरिएको छ। भिखारीले प्रमाणका रुपमा विजयले पनि भारत सरकारको निर्वाचन आयोगबाट प्राप्त गरेको परिचय पत्र जाहेरी संगै पेश गरेका छन्।

उक्त परिचय पत्रमा विजय कुमार मण्डलको ठेगाना भारत बिहार राज्य, जिल्ला मधुवनी, प्रखण्ड खजौली, मुख्यग्राम चन्द्रडीह पंचायत वडा नं ८, मतदाता क्रम संख्या ९४ गृहसंख्या २३ र पीनकोड ८४७२२८ रहेको उल्लेख छ।

विजयले २०४४ साल चैत्र ८ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्राप्त गरेको नागरिकता (ना.प्र.न १७२१२६९५) मा ठेगाना सप्तरीको तत्कालिन औरही गा.वि.स.५ (हाल डाक्नेश्वरी नगरपालिका ६)उल्लेख छ।

जाहेरी दरखास्त मार्फत झुटो विवरण पेश गरी अम्बिकाको नेपाली नागरिकता निकाल्ने क्रममा नक्कली बुबा बनेर सघाएका डाक्नेश्वरी नगरपालिका ६ का ७५ वर्षिय अन्तराम मण्डलमाथी समेत नागरिकता कसुर सम्बन्धि मुदा चलाउन अनुरोध गरिएको छ।

# पाँच किलो चाँदीसहित भारतीय नागरिक पक्राउ

**सिरहा**/चाँदी जस्तो देखिने धातुसहित एक भारतीय नागरिकलाई सिरहा प्रहरीले भगवानपुर गाउँपालिका वडा नं. ४ ठाडि बसपार्कबाट पक्राउ गरेको छ।

भारतबाट नेपाल तर्फ आउँदै गरेको भारतको मधुबनी जिल्ला बरहमपुरा वडा नं. ३ बस्ने ५२ वर्षिय विश्वनाथ साहलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीका अनुसार पैदल आइरहेका साहलाई बसपार्कमा शंका लागी चेकजाचँ गर्दा नाइटो भन्दामुनी कम्मरमा बाँधेको अन्दाजी ५ किलो चाँदी जस्तो देखिने सेतो धातु फेला परेको हो।

बरामद भएका अन्दाजी ५ लाख मुल्य बराबरको धातु र साहलाई नियन्त्रणमा लिई ठाडी भन्सार कार्यालय सिरहामा बुझाइएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

# मधेश प्रदेश क्रिकेट संघको नयाँ कार्यसमिति चयन, सचिवमा सप्तरीका अध्यक्ष आयुष निर्विरोध



**राजविराज**/मधेस प्रदेश क्रिकेट संघको दोस्रो साधारण सभा तथा अधिवेशन २०८० बाट अध्यक्षमा सुनिल महासेठ निर्वाचित भएका छन्।

शनिबार सम्पन्न सो अधिवेशनबाट मधेश प्रदेश क्रिकेट संघको उपाध्यक्षमा पवन गुप्ता, सचिवमा आयुष श्रेष्ठ र कोषाध्यक्षमा सुभाष जयसवाल निर्वाचित भएका छन्।

सचिवमा निर्विरोध निर्वाचित भएका श्रेष्ठ सप्तरी क्रिकेट संघका अध्यक्ष समेत हुन्।

त्यस्तै सदस्यहरु क्रमश: सतिश सिंह (सप्तरी), शत्रुधन साह (सर्लाही), प्रमोद साह (रौतहट), राजीव झा (महोत्तरी), मुकेश साह (महोत्तरी),आकश पाण्डे (धनुषा), विकल बिष्ट (सिराहा), बाबुजान अन्सारी (पर्सा) र अनिल चौगाई (बारा) निर्वाचित भएका हुन्।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np